# <u>कर्णाली उज्यालो कार्यक्रम  कार्यान्वयन कार्यविधि</u>

<u>प्रदेश मन्त्रिपरिषद्बाट स्वीकृत मिति</u>
२०७६/९/२९
<u>पहिलो संशोधन मिति</u>
२०७७/३/१०

विद्युतको पहुँच नपुगेका कर्णाली प्रदेशका ग्रामिण बस्तीहरूमा बैकल्पिक विद्युत सेवाको पहुँच  पुर्‍याउने उद्देश्यले कर्णाली प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन गर्न वान्छनीय भएकोले कर्णाली प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद–१
## <u>प्रारम्भिक</u>

१.<u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यस कार्यविधिको नाम "कर्णाली उज्यालो कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

२.<u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "आयोजना कार्यान्वयन इकाई" भन्नाले कर्णाली उज्यालो कार्यक्रम सञ्चालन गर्न गठित यसै कार्यविधिको दफा ५ बमोजिम गठन भएको आयोजना कार्यान्वयन इकाईलाई सम्झनु पर्दछ।

(ख) "कार्यक्रम" भन्नाले कर्णाली उज्यालो कार्यक्रमलाई सम्झनु पर्दछ।

(ग) "कार्यविधि" भन्नाले जनसहभागितामा आधारित कर्णाली उज्यालो कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ लाई सम्झनु पर्दछ।

(घ) "कार्यालय" भन्नाले मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय कर्णाली प्रदेशलाई सम्झनु पर्दछ।

(ङ) "केन्द्र" भन्नाले वैकल्पिक उर्जा प्रवर्धन केन्द्र सम्झनु पर्छ ।

(च) "परामर्शदाता" भन्नाले कुनै निश्चित कार्य गर्नका लागि कार्यालयले सार्वजनिक खरिद प्रकृया बमोजिम सम्झौता गरिएको संस्था वा व्यक्ति सम्झनु पर्दछ ।

(छ) "पिको जलविद्युत आयोजना" भन्नाले दश किलोवाटसम्म जडित जलविद्युत प्रणाली सम्झनु पर्दछ ।

(ज) "लघु जलविद्युत आयोजना" भन्नाले दश किलोवाटभन्दा माथि एकसय किलोवाटसम्म जडित जलविद्युत प्रणाली सम्झनु पर्दछ ।

(झ) "लाभग्राही" भन्नाले प्रवर्द्धन गरिएको नवीकरणीय उर्जा प्रविधिको प्रयोगकर्ता वा लाभान्वित व्यक्ति, संस्था वा समुदाय सम्झनु पर्दछ ।

(ञ) "विकास साझेदार" भन्नाले कर्णाली उज्यालो कार्यक्रम अन्तरगतका नवीकरणीय उर्जा कार्यक्रम तथा परियोजनाहरु कार्यान्वयनको लागि केन्द्रलाई सघाउने दातृ निकाय सम्झनु पर्दछ ।

(ट) "समिति" भन्नाले कर्णाली उज्यालो कार्यक्रम सञ्चालन गर्न यसै कार्यविधिको दफा ३ अनुसार गठित प्रादेशिक कार्यक्रम कार्यान्वयन समन्वय समितिलाई सम्झनु पर्दछ।

(ठ) "सार्वजनिक संस्था" भन्नाले स्थानिय तहमा रहेका सरकारी विद्यालय, क्याम्पस, स्वास्थ्य चौकी लगायतका सार्वजनिक संस्थालाई सम्झनु पर्दछ।

(ड) "साना जलविद्युत आयोजना" भन्नाले एकसय किलोवाटभन्दा माथि एकहजार किलोवाटसम्म जडित जलविद्युत प्रणाली सम्झनु पर्दछ ।

(ढ) "सामुदायिक प्रणाली" भन्नाले साना तथा मझौला ग्रीडमा आधारित नयाँ तथा पुराना पिको, लघु तथा साना जलविद्युत प्रणाली अथवा सौर्य मिनिग्रीड प्रणाली सम्झनु पर्दछ ।

(ण) "सौर्य मिनिग्रीड आयोजना" भन्नाले राष्ट्रिय प्रसारण लाईन वा अन्य स्रोतबाट बिधुत सेवा उपलब्ध नभएका क्षेत्रमा सौर्य उर्जा श्रोतबाट एकसय किलोवाट पिक क्षमतासम्मका वा सोभन्दा बढी क्षमताका आयोजना सम्झनु पर्दछ ।

(त) "सौर्य घरेलु विद्युत प्रणाली" भन्नाले ब्याट्री, सोलार चार्ज, कन्ट्रोलर र उपयुक्त संख्यामा बल्बहरु समेतको पचास वाट वा सो भन्दा बढी क्षमता भएको सौर्य फोटोभोल्टिक पाता सहितको एकल घरायसी वा संस्थागत प्रयोजनको सौर्य प्रणाली सम्झनुपर्दछ ।

(थ) "स्थानीय तह" भन्नाले कर्णाली प्रदेशभित्रका गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिलाई सम्झनु पर्दछ।

## परिच्छेद–२
## समिति

३. **समितिः** (१) कार्यक्रम कार्यान्वयन सम्बन्धी आवश्यक समन्वय र व्यवस्थापनका लागि प्रदेश स्तरमा देहाय बमोजिमको एक कार्यक्रम कार्यान्वयन समन्वय समिति रहने छः–

| | |
|---|---|
| (क) मुख्यमन्त्री, कर्णाली प्रदेश सरकार | -संयोजक |
| (ख) मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय | -सदस्य |
| (ग) मन्त्री, भौतिक पूर्वाधार विकास मन्त्रालय | -सदस्य |
| (घ) प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश | -सदस्य |
| (ङ) प्रमुख, आयोजना कार्यान्वयन इकाई | -सदस्य सचिव |

(२) समितिले केन्द्र, नवीकरणीय उर्जा परीक्षण केन्द्र, नेपाल बिद्युत प्राधिकरणको कर्णाली प्रदेश हेर्ने प्रमुख तथा प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

४. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) कार्यक्रम कार्यान्वयन सम्बन्धी आवश्यक नीतिगत निर्णय गर्ने।

(ख) कार्यक्रम कार्यान्वयनको क्रममा कार्यालय, आयोजना कार्यान्वयन इकाई तथा स्थानीय तहलाई आवश्यक निर्देशन दिने तथा समन्वय गर्ने ।

(ग) लाभग्राही छनौट तथा कार्यक्रम कार्यान्वयनमा एकरुपता ल्याउन आवश्यक मापदण्ड तोक्ने।

(घ) आयोजना कार्यान्वयन इकाईबाट कार्यक्रम कार्यान्वयन अवस्थाको जानकारी लिने।

(ङ) कार्यक्रम कार्यान्वयनसंग सम्बन्धित निकायहरूबीच समन्वय गर्ने ।

(च) कार्यक्रम लागु भएको स्थानमा आवश्यक पर्ने पूर्वाधार विकासको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

(छ) आवश्यकता अनुसार अनुगमन उपसमिति गठन गरी कार्यक्रमको अनुगमन गर्ने, गराउने।

(ज) कार्यक्रम कार्यान्वनका क्रममा आइपरेका बाधा अडचन फुकाउने ।

(झ) कार्यक्रमको प्रगति समीक्षा गर्ने ।

(ञ) अन्य आवश्यक कार्यहरु गर्ने ।

५.**कार्यक्रम कार्यान्वयन इकाईको स्थापनाः** कार्यक्रम कार्यान्वयनको लागि सहयोग पुऱ्याउन कार्यालयले एक कार्यक्रम कार्यान्वयन इकाई स्थापना गर्नेछ । सो इकाईका लागि आवश्यक पर्ने विषय विज्ञ तथा प्राविधिक जनशक्ति परामर्श तथा सेवा करारमा लिई कार्य संचालन गर्न सक्नेछ ।

६.**कार्यक्रम कार्यान्वयन इकाईको काम, कर्तव्य र अधिकारः** आयोजना कार्यान्वयन इकाईको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) कार्यक्रम कार्यान्वयनका लागि सरोकारवालाहरु बीच समन्वय तथा छलफल गर्ने ।

(ख) कार्यक्रम कार्यान्वयनको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्ने ।

(ग) सम्वन्धित स्थानीय तहहरूसँग समन्वय गर्ने ।

(घ) कार्यक्रम कार्यान्वयन गरिने क्षेत्रका लाभग्राहीहरूको स्थलगत निरीक्षण गर्ने।

(ङ) कार्यक्रम संचालनमा आवश्यकता अनुसार प्राविधिक सहयोग उपलब्ध गराउने ।

(च) सम्पादित कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गरी सो को आधारमा भुक्तानीका लागि सिफारिस गर्ने।

(छ) कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरी कार्यालयमा पेश गर्ने।

(ज) कार्यक्रमको अनुगमन र मूल्याङ्कन गर्ने र भावी कार्यक्रमको लागि समितिमा सिफारिस गर्ने।

(झ) तोकिएका अन्य कार्यहरु गर्ने।

७.**कार्यक्रमको कार्यक्षेत्रः** यस कार्यक्रमको कार्यक्षेत्र देहायबमोजिम हुनेछ।

(क) यो कार्यक्रम स्थानीय आवश्यकताका आधारमा माग भएका कर्णाली प्रदेशका सबै जिल्लामा चरणबद्ध रूपमा कार्यान्वयन गरिनेछ।

(ख) कार्यालयले यो कार्यक्रम बिद्युतको पहुँच नभएका कर्णाली प्रदेश भित्रका सबै स्थानीय तहहरुमा कार्यान्वयन गर्न सक्नेछ।

८.**लाभग्राहीको पहिचानः** कार्यक्रमका लाभग्राही तथा लक्षित वर्गको पहिचान देहायको आधारमा गरिनेछः

(क) कर्णाली प्रदेशभित्र स्थायी बसोबास गरेको सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।

(ख) कुनै पनि विद्युत सेवाको पहुँच नरहेको सम्बन्धित स्थानीय तहको सिफारिस।

९.**लाभग्राही छनौटका आधारः** कार्यक्रमका लाभग्राही तथा लक्षित वर्गको छनौट देहायको आधारमा गरिनेछः

(क) लाभग्राही छनौट गर्ने प्रयोजनका लागि सम्बन्धित प्राविधिकले लाभग्राहीहरूको स्थायी बसोबास गरिरहेको स्थानमा विद्युत पहुँचको सम्बन्धमा गरेको अध्ययन प्रतिवेदनका आधारमा कार्यक्रमका लागि लाभग्राही छनौट गरिनेछ।

(ख) खण्ड (क) बमोजिम कुनैपनि विद्युत सेवाको पहुँच नभएका कर्णाली प्रदेशका हिमाली दुर्गम क्षेत्रमा बसोबास गरिरहेका अति विपन्न लाभग्राहीहरूलाई उच्च प्राथमिकता दिइ लाभग्राही छनौट गरिनेछ।

(ग) सार्वजनिक संस्थाहरूको सम्बन्धमा सम्बन्धित स्थानीय तहको सिफारिस अनुसार पहिलो प्राथमिकतामा अस्पताल, स्वास्थ्यचौकी, बिद्यालयहरुलाई प्राथमिकतामा राखेर लाभग्राही छनौट गरिनेछ।

(घ) लाभग्राहीको छनौट आयोजना कार्यान्वयन समन्वय समितिले गर्नेछ ।

१०.**बैठक सम्बन्धि कार्यविधिः** बैठक सम्बन्धि कार्यविधि देहायबमोजिम हुनेछ :

(क) यस कार्यविधिको दफा ३ बमोजिमको समिति र दफा ५ बमोजिमको आयोजना कार्यान्वयन इकाईको बैठक सम्वन्धी कार्यविधि सो समिति/इकाईले निर्धारण गरे बमोजिम हुनेछ ।

(ख) समिति र आयोजना कार्यान्वयन इकाईको बैठकमा आवश्यक विज्ञ वा सम्वन्धित संस्थालाई आमन्त्रण गर्न सकिनेछ।

(ग) समितिलाई नियमानुसारको बैठक भत्ता उपलब्ध हुनेछ।

## परिच्छेद–३

## कार्यक्रम कार्यान्वयन सम्बन्धी व्यवस्था

**११ . कार्यक्रम कार्यान्वयन :** आयोजनाहरुको कार्यान्वयन देहाय बमोजिमका प्राथमिकता तथा सम्भाव्यताका आधारमा गरिनेछ ;

(क) पिको, लघु तथा साना जलविद्युत आयोजना कार्यान्वयन :

(१) प्राविधिक तथा आर्थिक श्रोत नजुटेका कारणले सम्पन्न हुन नसकेका पुराना आयोजना तथा सम्पन्न भैसकेका तर हाल चालु अवस्थामा नरहेका आयोजना

(२) कार्यालय र केन्द्र बिचको साझेदारीमा निर्माण हुने आयोजनाहरु

(३) कार्यालयको लगानीमा निर्माण हुने आयोजनाहरु

(ख) सौर्य मिनिग्रीड आयोजना:

(१) कार्यालय र केन्द्र बीचको साझेदारीमा निर्माण हुने आयोजना

(२) कार्यालयको लगानीमा निर्माण हुने आयोजना

(ग) सौर्य घरेलु विद्युत प्रणाली:

(१) कार्यालयको लगानीमा निर्माण हुने आयोजना

**१२. सामुदायिक प्रणाली तथा सौर्य घरेलु विद्युत प्रणाली खरिद, जडान तथा हस्तान्तरण :** (१) कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक खरिद तथा जडान कार्यहरु प्रचलित कानुन बमोजिम गरिनेछ ।

(२)कार्यक्रम कार्यान्वयन ईकाईले प्रचलित कानुन बमोजिम निजी क्षेत्र मार्फत सामुदायिक प्रणाली खरिद तथा जडान कार्य सम्पन्न गरी उपभोक्ता समिती वा स्थानीय तहलाई हस्तान्तरण गर्नेछ ।

**स्पष्टीकरण :** यस दफाको प्रयोजनको लागि "उपभोक्ता समिति" भन्नाले सामुदायिक संस्थाका प्रतिनिधी सदस्यहरु मिलेर नवीकरणीय उर्जा आयोजना स्थापना एंव संचालनका लागी परस्पर लाभ एंव फाईदाको आधारमा गठन गरी सम्बन्धित पालिकामा दर्ता भएका संस्था सम्झनु पर्दछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यालयले आवश्यकता अनुसार यस्तो कार्यक्रम स्थानीय तहले कार्यान्वयन गर्ने गरी सशर्त अनुदान वा अख्तियारी सहित सम्बन्धित स्थानीय तहमा पठाउन सक्नेछ।[1]

(४)[2] उपदफा (२) र (३)[3] बमोजिम खरिद तथा जडान कार्य सम्पन्न भइ हस्तान्तरण भएका सौर्य घरेलु विद्युत प्रणाली हस्तान्तरण गरिएको मितिले दश वर्षसम्म कुनै पनि कारणबाट विक्रि, वितरण तथा हक हस्तान्तरण गर्न पाइनेछैन ।

(५)[4] यस दफा बमोजिम सामुदायिक प्रणाली तथा सौर्य घरेलु विद्युत प्रणाली खरिद तथा जडान कार्य गर्दा प्रदेश सरकारले सम्बन्धित समूदाय, स्थानीय तह, र केन्द्रसँगको संयुक्त लगानीमा गर्न सक्नेछ। यस्तो लगानीको हिस्सा समझदारी पत्रमा उल्लेख भएबमोजिम हुनेछ।

**१३. प्राविधिक सहयोग :** यस कार्यक्रमको प्राविधिक सहयोगको ब्यवस्थापन देहायबमोजिम हुनेछ :

---

1 पहिलो संशोधनबाट थपिएको

2 पहिलो संशोधनबाट संशोधित

3 पहिलो संशोधनबाट संशोधित

4 पहिलो संशोधनबाट संशोधित

(क) यस कार्यक्रममा केन्द्रसंग आवश्यक प्राविधिक सहयोग माग गर्न सकिनेछ। यस कार्यक्रम कार्यान्वयनको लागि प्रयोग हुने सामुदायिक प्रणाली तथा सौर्य घरेलु विद्युत प्रणालीको विस्तृत प्राविधिक स्पेशिफिकेशन केन्द्रले तोके बमोजिम हुनेछ।

(ख) सामुदायिक प्रणाली तथा सौर्य घरेलु विद्युत प्रणालीको लागि उपयोग हुने उपकरणहरू खरिद गर्दा नवीकरणीय ऊर्जा परीक्षण केन्द्र वा केन्द्रबाट कायम भएको मापदण्डको आधारमा प्रमाणित भएको उपकरण मात्र खरिद गर्नु पर्नेछ।

(ग) कार्यक्रमलाई आवश्यक पर्ने प्राविधिक जनशक्तिको ब्यवस्थापन कार्यालयको समन्वयमा हुनेछ।

(घ) आयोजनाको लागत अनुमान तयार गर्दा केन्द्रले तोकेको ड्रईङ डिजाईन तथा स्पेशिफिकेशन समेत समावेश गरी तयार गर्नुपर्नेछ।

(ङ) कार्यक्रम कार्यान्वयन इकाईले स्थानीय तहका प्राविधिक जनशक्तिलाई सामुदायिक प्रणाली तथा सौर्य घरेलु विद्युत प्रणालीको प्राविधिक विषयमा आवश्यक तालिम प्रदान गर्नुका साथै प्राविधिक जनशक्ति उत्पादन गर्न सक्नेछ।

**१४.<u>लेखाङ्कन तथा लेखापरीक्षणः</u>** कार्यक्रम कार्यान्वयनको लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद-४

## <u>विविध</u>

**१५.<u>निर्देशन पालना गर्नु पर्नेः</u>** समितिले कार्यक्रम कार्यान्वयनको सिलसिलामा दिएका निर्देशन सम्वन्धित निकायले पालना गर्नु पर्नेछ ।

**१६.<u>विवादको समाधानः</u>** कार्यक्रम कार्यान्वयन गर्नेगराउने सिलसिलामा कुनै विवाद उत्पन्न भएमा समितिको निर्णय अन्तिम हुनेछ।

**१७.<u>कारवाही हुनेः</u>** कार्यक्रमबाट लाभान्वित हुने उद्देश्यले कुनै व्यक्तिले झुट्ठा विवरण पेश गरेमा वा त्यस्ता व्यहोरा सिफारिस गरेको ठहर हुन आएमा त्यस्ता व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

**१८.<u>सुविधा नपाउनेः</u>** यस कार्यविधि बमोजिम सामुदायिक प्रणाली वा सौर्य घरेलु विद्युत प्रणाली अन्तर्गत कुनै एक सुविधा प्राप्त गर्ने लाभग्राहीले सोही प्रकृतिको अन्य सुविधा पाउने छैन।

**१९.<u>वाधा अड्काउ फुकाउनेः</u>** यो कार्यविधि कार्यान्वयनका क्रममा कुनै वाधा अड्काउ उत्पन्न भएमा सो फुकाउने अधिकार कार्यालयमा निहित रहनेछ।

**२०.<u>खारेजी र बचाउ :</u>** (१) कर्णाली उज्यालो कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७५ खारेज गरिएको छ ।

(२)कर्णाली उज्यालो कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७५बमोजिम भएगरेका कामकारवाहीहरु यसै कार्यविधि बमोजिम भएगरेको मानिनेछ ।